सुनवल नगरपालिका
Sunwal Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
सुनवल, नवलपरासी, लुम्बिनी प्रदेश, नेपाल
Sunwal, Nawalparasi, Lumbini Province, Nepal

फोन नं.: / फ्याक्स नं.: 078-570116

पत्र संख्या (Letter No:)
चलानी नं. (Ref. No:)

## सुरक्षित नागरिक आवास सम्बन्धी अत्यन्त जरुरी सूचना !!

प्रथम पटक प्रकासित मिति : २०७७/०९/२० गते

नेपालको संविधानप्रदत्त नागरिको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७५ वमोजिम उपयूक्त संरक्षण तथा वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबिको रेखामुनी रहेका, प्रकोपको कारण घरवारबिहिन भएका, घरपरिवारहरुको सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत भएको काठ लगायतका सामाग्री खरिदको लागि र गरिवीको रेखामुनी रहेका र पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणको लागि तपसिलमा उल्लेखित मापदण्ड भित्र परेका सबैलाई यो सूचना प्रकाशन भएको मितिलें १० (दश दिन) अर्थात् मिति २०७७०९।२९ गते भित्र सम्बन्धित वडा कार्यालय वा नगर कार्यपालिकाको कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

तपसिल :

१. निवेदक सुनवल नगरपालिकाको स्थायी बासिन्दा हुनु पर्नेछ ।

२. आवास निर्माण गर्न चहाने व्यक्ति स्वयं उपस्थित भै आवेदन पेश गर्नुपर्ने छ ।

३. निवेदक बस्दै आएको घरको छाना खर, पराल, बिटुमिन, ड्रंम, स्याउला वा यस्तै प्रकृतिका पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीबाट छाएको हुनुपर्ने छ ।

४. निवेदकले निवेदन साथ घर रहेको जग्गाको प्रमाण पूर्जाको प्रतिलिपी र सो जग्गाको तिरो तिरेको रसिद वा पानी बिजुली आदिको बिल तिरेको रसिद र घरको तत्कालको अवस्था दर्साउने कलर फोटो (एक प्रति) पेश गर्नुपर्ने छ ।

५. कुनै प्रकोपका कारण घरवारविहिन भएको भए जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस संलग्न गर्नु पर्नेछ ।

६. सम्बन्धित वडाले निवेदक सो वडाको स्थायी बासिन्दा भएको र निजले चर्चेको जग्गाबारे बसोवास प्रमाणित गरेको हुनु पर्नेछ ।

पुनश्च : आवेदनको ढाँचा सहितको आवेदन फाराम नगर कार्यपालिकाको कार्यालय, सम्बन्धित वडा कार्यालयबाट वा सुनवल नगरपालिकाको वेवसाईट : www.sunwalmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।

(शिशिर पौडेल)
(प्रमुख प्रशासकीय अधिकृत)

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सुनवल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प)

**सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत ईच्छुक लाभग्राहीका लागि आवेदन फाराम**

दर्ता नं. :

मिति : २०७७/ /

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू**
**सुनवल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**बिषय : सुरक्षित नागरिक आवास कार्यक्रमको लागि निवेदन पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा नेपाल सरकारबाट सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सुरक्षित आवास निर्माण गर्न सुनवल नगरपालिकाले आवेदन माग गरेअनुसार म यस नवलपरासी जिल्ला (बर्दघाट सुस्ता पश्चिम) अन्तर्गत सुनवल नगरपालिका वडा नं. ...... को ................टोल/गाउँ मा बस्ने तपसिल बमोजिमको विवरण भएको व्यक्ति सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधी २०७५ को अनुसूची १ को दफा ४ को उपदफा १ को लक्षित बर्ग एवं लाभग्राहीको पहिचानका आधारहरुभित्र पर्ने भै उक्त आवास निर्माण गर्न ईच्छुक रहेको हुँदा मेरो परिवारको लागि सुरक्षित आवास निर्माण गरी बसोबासको व्यवस्था मिलाई दिनुहुन अनुरोध गर्दै सुचना मार्फत माग गरिएका आवश्यक कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेका छु ।

**तपसिल**

| **क्र.सं.** | **विवरण** | **उपयुक्तमा चिन्ह लगाउनुहोस** |
|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल | .............घुर |
| २ | घरको गारो | ➢ बाँस चरपट, कप्टेरो, आदी र त्यसमा पराल स्याउलाको टाँटी । ☐<br>➢ ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदीमा माटोले पोतेको तथा काठ फल्याक, काँचो ईटामा माटोको जोर्नी । ☐<br>➢ मिलेको ढुङ्गाको गारो तथा पाकेको ईटामा सिमेण्टको जोर्नी । ☐ |
| ३ | घरको छानो | ➢ फुस, आरावेटरी, स्याउला, प्लाष्टिक सीट आदी ☐<br>➢ खपडा वा टायल ☐<br>➢ ढलान/कर्कटपाता ☐ |
| ४ | जग्गाको स्वामित्व | ➢ ललपूर्जा भएको वा गाउँब्लक (स्वामित्व पाउन सकिने) वा वडा कार्यालयको सिफारिसा (बिवाद रहित)<br>➢ नदी, ताल, खेलमैदान, मन्दिर आदी क्षेत्रमा बसोबास गरेको । ☐ |

Scanned with CamScanner

| | | |
|---|---|---|
| ५ | घरमुलीको हकमा | ➢ अति बिपन्न, असाहय, बृद्धबृद्धा, अनाथ वालवालिका, एकल महिला जस्ता घरमुली लाभग्राही भएको । ☐<br>➢ अन्य ☐ |
| ६ | प्रकोप पिडित | ➢ कुनै प्रकोपद्वारा घरवारबिहिन भएको<br>हो ☐ होईन ☐ |

नोट : १) ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घर परीवारलाई यस कार्यबिधी अन्तर्गत लाभग्राही रुपमा समावेश गरिने छैन ।

२) घरको छानो देखिने गरी फोटो पेश गर्नुपर्नेछ ।

३) यो फाराम भरी पेश गर्दा कुनै शुल्क लाग्ने छैन ।

४) सम्बन्धित वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(मैले पेश गरेको प्रमाणहरु सही छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।)

**निवेदको**

सही :............................

नाम थर ..............................................

पति/पत्नीको नाम/थर :.............................

बुवा/ससुराको नाम/थर :...........................

बाजे/ससुराको नाम/थर.............................

जिल्ला.............................

न.पा...............................

वडा नं.............................

टोल/गाउँ..........................

सम्पर्क नं..........................

**निवेदकको औँठाको छाप**

| दाँया | बाँया |
|---|---|
| | |